# भाग ५

## सङ्घीय संसद सचिवालयको

### सूचना १

सङ्घीय संसद, सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले सङ्घीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा ३५ बमोजिम रेकर्डिङ्ग अपरेटर श्री सुरेन्द्रकुमार महतलाई मिति २०७९।१०।०१ देखि ज्येष्ठता कायम हुने गरी सङ्घीय संसद सेवा, प्राविधिक समूह, राजपत्राङ्कित तृतीय श्रेणीको प्राविधिक अधिकृत पदमा बढुवा नियुक्ति गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना २

सङ्घीय संसद, सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले सङ्घीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा १९ को उपदफा (२) बमोजिम सङ्घीय संसद सेवाको राजपत्राङ्कित तृतीय श्रेणीका देहायका कर्मचारीहरुलाई मिति २०७९।१०।१४ देखि ज्येष्ठता कायम हुने गरी सङ्घीय संसद सेवा, सामान्य प्रशासन समूह, राजपत्राङ्कित द्वितीय श्रेणीको उपसचिव पदमा बढुवा नियुक्ति गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

| **क.सं.** | **नाम, थर** |
|---|---|
| १. | श्री लक्ष्मी प्रसाद ओझा |
| २. | श्री बाबुराम बस्याल |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| ३. | श्री अनन्तप्रसाद कोइराला |
| ४. | श्री सुरेशराज सेढाई |
| ५. | श्री जगदिश न्यौपाने |

## सूचना – ३

सङ्घीय संसद, सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले सङ्घीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा १९ को उपदफा (२) बमोजिम छविकार श्री कौशल रत्न बज्राचार्यलाई मिति २०७९।१०।१९ देखि ज्येष्ठता कायम हुने गरी सङ्घीय संसद सेवा, शिक्षा तथा मुद्रण समूह, राजपत्राङ्कित द्वितीय श्रेणीको प्रमुख मुद्रण अधिकृत पदमा बढुवा नियुक्ति गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**डा. भरतराज गौतम**
**संघीय संसदको महासचिव ।**

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।